# आकाशवाणी समाचार- नेपाली

मितिः १० मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र वरिष्ठ आरएसपी नेता बालेन्द्र शाहलाई नेपालको चुनावमा विजय हासिल गरेकोमा बधाई दिनु भएको छ।
- विदेशमन्त्री डा. एस. जयशंकरले संसदका दुवै सदनमा पश्चिम एसियामा तनाव कम गर्न संवाद र कूटनीतिको महत्त्वमा जोड दिनु भयो।
- सरकारले तेल प्रशोधन केन्द्रहरूलाई एलपीजी उत्पादन बढाउन र घरेलु प्रयोगको लागि अतिरिक्त उत्पादन उपलब्ध गराउन निर्देशन दिएको छ।
- मौसम विभागले आज हिमाचल प्रदेशका केही क्षेत्रमा गर्मीको लहर आउने अनुमान व्यक्त गरेको छ।

**प्रधानमन्त्री - नेपाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र वरिष्ठ आरएसपी नेता बालेन्द्र शाहलाई नेपालको चुनावमा विजय हासिल गरेकोमा बधाई दिनु भएको छ। टेलिफोन वार्ताका क्रममा प्रधानमन्त्रीले आगामी सरकारलाई शुभकामना दिनु हुँदै दुवै देशको पारस्परिक समृद्धि, प्रगति र कल्याणका लागि मिलेर काम गर्ने प्रतिबद्धता दोहोऱ्याउनु। उहाँले संयुक्त प्रयासबाट आगामी वर्षहरूमा भारत-नेपाल सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नु भयो।

**प्रधानमन्त्री- भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि केरला र तमिलनाडुको भ्रमणमा जानु हुनेछ। दिउँसो लगभग १ बजेर ३० मिनटमा प्रधानमन्त्रीले केरलाको एर्नाकुलममा लगभग १० हजार ८ सय करोड रुपियाँका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। त्यसपछि उहाँले तमिलनाडुको तिरुचिरापल्लीमा लगभग ५ हजार ६ सय ५० करोड रुपियाँका धेरै विकास परियोजनाहरूको उद्घाटन पनि गर्नु हुनेछ।

**जयशंकर**

विदेशमन्त्री डा. एस. जयशंकरले संसदका दुवै सदनमा पश्चिम एसियामा तनाव कम गर्न संवाद र कूटनीतिको महत्त्वमा जोड दिनु भयो। पश्चिम एसियाको अवस्थाबारे लोकसभामा वक्तव्य दिँदै डा. जयशंकरले सरकारले गत महिनाको २० तारिखमा एक विज्ञप्ति जारी गर्दै स्थितिप्रति गहिरो चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयम अपनाउन आग्रह गरेको बताउनु भयो। विदेशमन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीले उदीयमान घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहनुभएको र प्रभावकारी प्रतिक्रिया सुनिश्चित गर्न सम्बन्धित मन्त्रालयहरूले समन्वय गरिरहेको बताए। डा. जयशंकरले द्वन्द्व तीव्र हुँदै गएको र पश्चिम एसिया क्षेत्रमा सुरक्षा अवस्था उल्लेखनीय रूपमा बिग्रिएको बताउनु भयो। उहाँले द्वन्द्व अन्य देशहरूमा फैलिएको र उल्लेखनीय विनाश निम्त्याएको र सामान्य जीवन र गतिविधिहरूमा बाधा पुऱ्याएको बताउनु भयो। साथै, पश्चिम एसियाको अवस्थाबारे राज्यसभामा वक्तव्य दिँदै डा. जयशंकरले यस वर्षको जनवरीमा भारतले इरानमा बसोबास गर्ने भारतीय नागरिकहरूलाई गैर-आवश्यक यात्राबाट बच्न सल्लाह दिएको र भारतीय दूतावासमा दर्ता गर्न र उपयुक्त सावधानी अपनाउन आग्रह गरेको बताउनु भयो।

BYTE

**सरकार - एलपीजी**

सरकारले तेल प्रशोधन केन्द्रहरूलाई एलपीजी उत्पादन बढाउन र घरेलु प्रयोगको लागि अतिरिक्त उत्पादन उपलब्ध गराउन निर्देशन दिएको छ। इन्धन आपूर्तिमा हालको भूराजनीतिक तनाव र एलपीजी आपूर्तिमा प्रतिबन्धलाई ध्यानमा राख्दै यो कदम चालिएको हो। सामाजिक सञ्जालमा पोस्ट गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ, सरकारले घरेलु उपभोक्ताहरूलाई एलपीजी आपूर्तिलाई प्राथमिकता दिएको छ। साथै, भण्डारण र कालोबजारी रोक्न दुई सिलिन्डर बुकिङ बीचको अन्तर २५ दिनसम्म बढाइएको छ।

**जितेन्द्र सिंह- बैठक**

कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा स्वैच्छिक एजेन्सीहरू सम्बन्धी स्थायी समितिको ३५ औं बैठकको अध्यक्षता गर्नु हुनेछ। केन्द्रीय सरकारका पेन्सनभोगीहरूको कल्याणसँग सम्बन्धित मुद्दाहरूमा छलफल गर्न पेन्सन तथा पेन्सनभोगी कल्याण विभागले यो बैठक आयोजना गरिरहेको छ।

**धरमेन्द्र – वेबिनार**

शिक्षा मन्त्री धरमेन्द्र प्रधानले नयाँ दिल्लीमा आयोजित "सबका साथ सबका विकास - जनताको आकांक्षा पूरा गर्ने" शीर्षकको बजेटपछिको वेबिनारको समापन सत्रलाई सम्बोधन गर्नु भयो । यसक्रममा उहाँले राष्ट्रिय शिक्षा नीति २०२० ले समावेशी र पहुँचयोग्य शिक्षालाई प्रवर्द्धन गर्ने बताउनु भयो। उहाँले यस वर्षको बजेट शिक्षा, रोजगारी, उद्यम, नवप्रवर्तन र अनुसन्धानलाई प्रोत्साहन गर्ने बजेटको रूपमा वर्णन गर्नु भयो।

**वैष्णव- वेबिनार**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो भारतको रचनात्मक अर्थव्यवस्था क्षेत्रले देशको संस्कृति, खाना र ताजा उत्पादनहरू स्थानीय विक्रेताहरू वा नजिकैका उत्पादकहरूबाट सिधै प्रदर्शन गरिरहेको छ। उहाँले हिजो "सबका साथ, सबका विकास - जनताको आकांक्षा पूरा गर्ने" विषयक बजेटपछिको वेबिनारमा यो कुरा बताउनु भएको हो। श्री वैष्णवले मिडिया मनोरञ्जन क्षेत्रमा प्रविधिले प्रमुख भूमिका खेलिरहेको उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, वेभ्स प्लेटफर्म भारतीय सिर्जनाकर्ताहरूलाई यस क्षेत्रमा नेतृत्व गर्न मद्दत गर्न सिर्जना गरिएको हो। श्री वैष्णवले भन्नु भयो, वेभ्स विश्वव्यापी रूपमा मान्यता प्राप्त प्लेटफर्म बनेको छ, जसले नीति निर्माताहरू र उद्योग नेताहरूलाई यस क्षेत्रमा विकास दृष्टिकोणहरू छलफल गर्न एकसाथ ल्याउँछ। उहाँले थप भन्नु भयो, वेभ्सले भारतीय सिर्जनाकर्ताहरूको लागि लगभग १ हजार करोड राजस्व उत्पन्न गरेको छ।

**तेलङ्गना - मुख्यमन्त्री**

तेलङ्गानाका मुख्यमन्त्री रेवन्त रेड्डीले साइबर अपराध र लागूऔषधको बढ्दो खतरासँग जुध्न राज्यको पुलिस विभागको व्यापक आधुनिकीकरणको लागि आह्वान गर्नु भएको छ। मुख्यमन्त्रीले हिजो हैदराबादमा आयोजित तेलङ्गाना पुलिस रिट्रीट २०२६ मा यो कुरा बताउनु भएको हो। मुख्यमन्त्रीले विभागले दुई प्रमुख चुनौतीहरूको सामना गरिरहेको बताउनु भयो: पहिलो, प्राविधिक चुनौतीहरू, जसलाई स्रोत र प्रविधि प्रदान गरेर सम्बोधन गर्न सकिन्छ, र दोस्रो, अनुकूलन चुनौतीहरू, जसलाई गहन बुझाइ र रणनीतिक योजना आवश्यक पर्दछ। मुख्यमन्त्रीले राज्यमा लगानी आकर्षित गर्न कानून र व्यवस्था महत्त्वपूर्ण रहेको बताउनु भयो। उहाँले तेलङ्गाना राइजिङ २०४७ भिजन अन्तर्गत ३ ट्रिलियन डलरको अर्थव्यवस्थाको लक्ष्य हासिल गर्ने सरकारको प्रतिबद्धता पनि दोहोर्‍याउनु भयो।

**जवाहर लाल नेहरू बन्दरगाह**

मध्य पूर्वमा विकसित भौगोलिक परिस्थिति र विश्वव्यापी परिवहन साथै व्यापार लजिस्टिक्समा यसको प्रभावलाई ध्यानमा राख्दै, जवाहर लाल नेहरू बन्दरगाह प्राधिकरणले धेरै सुविधा उपायहरू लागू गरेको छ। यी उपायहरूमा मध्य पूर्व जाने कार्गोको लागि अस्थायी ट्रान्सशिप मेन्ट भण्डारणको व्यवस्था गर्ने, आवश्यकता अनुसार टर्मिनलहरूमा थप भण्डारण क्षेत्रहरू

छुट्याउने, मध्य पूर्वबाट फर्किने नाश हुने सामान र निर्यात कार्गोको ह्यान्डलिङलाई प्राथमिकता दिने, र हर्मुज जलडमरूको पूर्वी भागमा अवस्थित मध्य पूर्व बन्दरगाहहरूमा कार्गो परिवहन गर्न तदर्थ जहाज आगमनलाई सहज बनाउने समावेश छ। एक समर्पित कार्यदल पनि गठन गरिएको छ।

**नेपाल चुनाव परिणाम**

नेपालको संसदीय चुनावमा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्ष मतदान अन्तर्गत १२५ सिट र समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत ४० लाखभन्दा बढी मत जितेको छ भने नेपाली कांग्रेस (कांग्रेस) ले १८ सिट जितेको छ। नेकपा-एमाले नौ सिट, नेपाल कम्युनिष्ट पार्टी सात र श्रमिक संस्कृति पार्टीले तीन सिट जितेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी र एक स्वतन्त्र उम्मेदवारले एक-एक सिट जितेका छन्। राजनीतिक विश्लेषकहरूका अनुसार समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत ४० लाखभन्दा बढी मतका साथ, रास्वपाले कम्तिमा ४८ थप सिट जित्ने अपेक्षा गरिएको छ, जसले २७५ सदस्यीय प्रतिनिधि सभामा यसको संख्या लगभग १६४ पुग्नेछ, जुन साधारण बहुमतको लागि आवश्यक १३८ सिटभन्दा धेरै हो।

**एफआईएच-हक्की**

एफआईएच महिला हक्की विश्वकप २०२६ छनोटमा भारत र स्कटल्याण्ड बीचको म्याच २-२ को बराबरीमा सकिएको छ। पहिलो हाफमा भारतीय टोली २-१ ले अगाडि थियो, तर तेस्रो क्वार्टरमा स्कटल्याण्डले शानदार पुनरागमन गर्दै स्कोर बराबरी गर्यो।

**कतार दुतावास**

कतारस्थित भारतीय दूतावासले बताए अनुसार छोटो अवधिको भ्रमणमा दोहामा फसेका लगभग १ हजार  भारतीयहरू विगत तीन दिनमा कतार एयरवेजको उडानबाट भारत फर्किएका छन्। दूतावासका अनुसार कतार एयरवेजले आज दिल्ली, मुम्बई र कोच्चिमा तीनवटा उडानहरू सञ्चालन गर्नेछ।

**मौसम**

मौसम विभागले आज हिमाचल प्रदेशका केही क्षेत्रमा गर्मीको लहर आउने अनुमान व्यक्त गरेको छ। विभाग अनुसार , आज गुजरात, राजस्थान, विदर्भ र उत्तरी कोंकणमा पनि गर्मीको लहर आउने सम्भावना छ। विभागले आज जम्मू कश्मीर र लद्दाखमा मेघगर्जन, चट्याङ र तेज हावा चल्ने सम्भावना रहेको कारण ओरेन्ज अलर्ट  जारी गरेको छ। बिहार, झारखण्ड, केरला, माहे, उत्तरपूर्वी क्षेत्रहरू, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा पनि यस्तै अवस्था रहने मौसम विभागले जनाएको छ।